बैठक -४३

आज मिति २०७६/०८/२९ गते साझ ४ वजे सरावल गाउँकार्यपालिकाको वैठक कार्यपालिका अध्यक्ष श्री राधेश्याम चौधरी ज्युको अध्यक्षतामा एवं तपशिल वमोजिमको उपस्थितिमा वसी देहाय बमोजिमको निर्णय गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
| --- | --- | --- | --- |
| 24. | राधेश्याम चौधरी | अध्यक्ष | [signature] |
| 25. | श्री उत्तमा कुमारी राय | उपाध्यक्ष | [signature] |
| 26. | भेषनारायण चौधरी | सदस्य | [signature] |
| 27. | शम्भु प्रसाद चौधरी | सदस्य | [signature] |
| 28. | अणेन्द्रनाथ राय | सदस्य | [signature] |
| 29. | छोटेलाल यादव | सदस्य | [signature] |
| 30. | दिनेश सहानी केवट | " | [signature] |
| 31. | कैलास यादव | " | [signature] |
| 32. | हयात खाँ धुनिया | " | [signature] |
| 33. | छिमादेबी चौधरी | " | छिमा |
| 34. | चन्दादेवी चौधरी | " | [signature] |
| 35. | जन्त्री केवटिन | " | जन्त्री |
| १३ 36. | विन्दादेनी धोवी | " | विन्दा |
| १४ 37. | जोखु प्रसाद कहार | " | [signature] |
| १५ 38. | श्री सुनिता हरिजन | " | सुनिता |
| १६ 39. | श्री झविश्वर रेग्मी | " | [signature] |
| १७ 40. | नारायण पाण्डेय | आमन्त्रित | — |
| १८ 41. | तुल्सी प्रसाद अधिकारी | " | |
| १९ 42. | नरेश कोहार | " | [signature] |
| २० 43. | राजन वस्याल | " | [signature] |
| २१ 44. | ईश्वर रावाल | | [signature] |
| २२ 45. | | | |
| २३ 46. | | | |

## प्रस्ताव एवं निर्णय

**प्रस्ताव नं. १ - विशेष अनुदानको लागी आयोजना स्विकृत एवं प्रस्ताव गर्ने सम्वन्धमा**

**निर्णय नं. १** - प्रस्ताव नं. १ उपर छलफल गर्दा यस गाउपालिकाको लागी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. ५ वुटवल नेपाल द्वारा विशेष अनुदान तर्फका आयोजना प्रस्ताव गर्न जनाई पत्राचार भएकोमा सोको लागी प्रदेश सरकार द्वारा स्विकृत विशेष अनुदान सञ्चालन कार्यविधी-२०७६ वमोजिम तपशिल अनुसारको आयोजना स्विकृत गरि पठाउने सर्वसम्मत निर्णय गरियो ।

| सि.नं. | आयोजनाको नाम | आयोजना कार्यान्वयन हुने क्षेत्र | आयोजनाको अनुमानित लागत |
|---|---|---|---|
| १ | खाद्यान्न अभिवृध्दीका लागि सिंचाई उपकरण खरिद गरी वितरण गर्ने | सरावल वार्ड नं. १ देखी ७ सम्म | १५,००,०००/-(अक्षरुपी रु पन्ध्र लाख मात्र ) |
| २ | खाद्यान्न अभिवृध्दिका लागी सिचाई गर्न सार्वजनिक तालतलैया संरक्षण एवं सरसफाई गर्ने कार्य | सरावल वार्ड नं. १ देखी ७ सम्म | १५,००,०००/-(अक्षरुपी रु पन्ध्र लाख मात्र ) |
| कुल जम्मा | | | रु ३० लाख |

**प्रस्ताव नं. २ - अन्तराष्ट्रिय गण्डक जलश्रोत सम्मेलन मा आर्थिक सहयोग सम्वन्धमा**

**निर्णय नं. २** - प्रस्ताव नं. २ उपर छलफल गर्दा जिल्ला नवलपरासी सुस्ता गाउपालिका मा पौष १०/१२ गतेसम्म २ दिने अन्तराष्ट्रिय गण्डक जलश्रोत सम्मेलन आयोजना हुन लागेको र सोको लागी सहयोग माग गरी आयोजक संस्थाले निवेदन पेश गर्नुभएकोमा उक्त गण्डक नहरवाट यस गा.पाका स्थानिय जनता समेत लाभान्वित हुने भएकोले सोवाट स्थानिय जनतासमेत लाभ हुने ठानी गा.पा स्विकृत कार्यक्रमको विपद व्यवस्थापन शिर्षकवाटवाट खर्च हुने गरी रु ५०,०००/- (अक्षरुपी रु पचास हजार मात्र) भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ - स्वास्थ्य कार्यविधी सम्वन्धमा**

निर्णय नं. ३ - प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस सरावल गाउपालिकाका स्थानिय जनता,जनप्रतिनिधि एवं कर्मचारीहरुलाई ठुला प्रकृतिका रोगहरु लागेमा यस गा.पावाट सहयोग स्वरुप प्रदान गर्नका निमित्त कुनै कार्यविधी तयार नहुदा समस्या भइरहेको सन्दर्भमा कार्यविधी निर्माणका तपशिलको समिति गठन गर्ने एवं समितिले कार्यविधी तयार गरी स्विकृतिको लागि कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरियो ।

संयोजकः- उत्तमा कुमारी राय
सदस्यः- भेषनारायण चौधरी
सदस्य सचिवः-ओम नारायण देवकोटा

**प्रस्ताव नं. ४ - कृषि पशु प्राविधिकलाई निरन्तरता सम्वन्धमा**

**प्रस्ताव नं. ४ -** प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस सरावल गाउपालिकामा साविकका एक गा.वि.स एक प्राविधिक कार्यक्रम अन्तर्गत करार सम्झौता मार्फत नियुक्त भएका कर्मचारीहरुलाई प्रथम चौमासिक वापतको रकम सशर्त कार्यक्रममार्फत आईसकेको भए पनी दोश्रो र तेश्रो चौमासिक वापतको रकम सशर्त कार्यक्रममार्फत भुक्तानी हुने/नहुने एकिन नभएकोले सशर्त कार्यक्रमवाट भुक्तानी भए सोहिवमोजिम हुने एवं भुक्तानी नभए २०७७ असार मसान्त सम्मको लागी गा.पा स्विकृत कार्यक्रमवाट तलवभत्ता तथा अन्य सुविधा भुक्तानी हुने गरी कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ - कार्यक्रम संशोधन सम्वन्धमा**

**निर्णय नं. ५** - प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस सरावल गाउपालिकाको पाचौ गाउँसभाद्वारा २०७६/०७७ को वार्षिक स्विकृत कार्यक्रम कार्यान्वयनमा कुनै कारणले समस्या भई कार्यान्वयन गर्न नसकिने भएमा संशोधन गर्न नसकिने कारण सहित सशोधनको प्रकृयाको लागी संशोधन गर्नुपर्ने कार्यक्रम माग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ - स्थानिय पुर्वाधार विकास साझेदार कार्यक्रमको उपभोक्ता समिति गठन सम्वन्धमा**

**निर्णय नं. ६ -** प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस सरावल गाउपालिकामा स्विकृत स्थानिय पुर्वाधार विकास साझेदार कार्यक्रम अन्तर्गका कार्यक्रमहरु कार्यान्वयनका निमित उपभोक्ता समितीले कार्य गर्नुपर्ने भए समिति गठन गरी सम्झौता प्रकृयाको लागी एवं उपभोक्ता समितिमार्फत कार्यान्वयन हुन नसक्ने भए अन्य प्रकृया मार्फत कार्यान्वयन गर्न कार्यालयमा पठउने निर्णय गरियो ।